# १० यरुशलेमको सर्वनाश

*<u>यस अध्यायकामूल पदहरू</u>*: इजकिएल ८, रोमी १:२२-२५, यर्मिया ३७:१-१०, ३८:१-६, २९:१-१४, दानिएल ९:२।

*<u>यस अध्यायको स्मरण गर्नुपर्ने मूल पद:</u>* "७ मैले तिमीहरूलाई निर्वासित गरेको सहरको भलो र शान्ति चिताओ। त्यसको निम्ति परमप्रभुसित प्रार्थना गर। किनभने त्यसको उन्नति भएकोमा नै तिमीहरूको उन्नति हुनेछ।" ( यर्मिया २९:७-८)

"केही वर्षभित्रै हठी यहूदाको बिरुद्धमा आफ्नो क्रोधलाई वर्षाउन परमेश्वरले बेबिलोनको राजालाई औजारको रूपमा प्रयोग गर्नुहुने थियो। बराबर नेबुकदनेजार राजाका सैनिकहरूले यरुशलेम शहरलाई घेर्ने थियो र त्यस शहरलाई कब्जा गर्ने थियो। सुरुमा अलि अलि तर पछि हजारौं र दशौं हजारको शंख्यामा इस्राएलका जनताहरूलाई युद्धबन्दी बनाएर जबरजस्ती शिनार भन्ने इलाकामा निर्वासित जीवन बिताउन लगिने थियो। यहोयाकिम, यहोयाकिन, जदकिया आदि सबै यहूदि राजाहरूलाई बेबिलोन राजाको कथपुतली राजा बनाउने थियो र पछि सबै जना बेबिलोनको खिलाफमा बिद्रोह गर्ने थियो। बिद्रोही राष्ट्रमाथि झन झन कठोर सजायँ थप्दै लाने थियो र अन्तमा सारा राष्ट्र ध्वस्त हुने थियो र यरुशलेम शहर आगोले जलाएर उजाड बनाउने थियो। राजा सोलोमनले बनाएका मन्दिर ध्वस्त हुने थियो र यहूदा राज्यको पतन हुने थियो। संसारका राष्ट्रहरू सामु त्यो देशले फेरि कहिलैपनि पहिले जस्तै गौरबमय हुने थिएन।"-एलेन जी ह्वाइट, *प्रोफेटस् एण्ड किंगस्,* पृ. ४२२,४२३बाट रूपान्तरित।

ती सबै सर्वनाश त्यस देशमा अगमवक्ताहरूका प्रसस्त चेतावनी र पापबाट फर्कन अनुरोध बिना आएका थिएनन्। त्यसमा

यर्मियाको चेतावनी विशेष थियो। तिनीहरूको इन्कारले तिनीहरूमाथि अझ धेरै विध्वंस थुप्रिएका थिए। तिनीहरूको गलत निर्णयबाट तिनीहरूले भोग्नु परेको नतिजाबाट हामी सिक्न सकौं भनेर हामी कामना गरौं।

## १. तामुज देवताको निम्ति रुनु

केही समय त यर्मिया यहूदालाई सम्झाउन आफू एक्लै छु भन्ने महसुस गरेका थिए। तर यथार्थमा उनी एक्लै थिएन। बेबिलोनमा युद्धवन्दी रहेका इस्राएलीहरूमा इजकिएल पनि थिए जो यर्मियाका समकालिन थिए र परमेश्वरको अगमवक्ता थिए। बेबिलोनमा निर्वासित जीवन बिताइरहेका इस्राएलीहरूलाई सान्त्वना दिन र परमेश्वरतिर फर्क भनेर चेतावनी दिन इजकिएल सक्रिय थिए। लामो र कठिन वर्षहरूमा यर्मियाले गरेका भविष्यवाणीहरू परमेश्वरबाट नै हो भनेर इजकिएलले सहमती जनाएका थिए। बेबिलोनबाट छिट्टै फर्किने छौं भनेर प्रचार गर्ने झुठा अगमवक्ताहरूको पछि नलाग्न इजकिएलले चेतावनी दिएका थिए। पश्चाताप गर्न अस्वीकार गरेकोले र पापबाट र परमेश्वरलाई नमान्ने प्रवृत्तिबाट मानिसहरू नहटेकोले यरुशलेमको पतन कसरी हुनेछ भनेर विभिन्न सन्देश र संङ्केटहरूद्वारा उनले भविष्यवाणी गरेका थिए।

इजकिएल ८ पढ्नुहोस्। अगमवक्तालाई के देखाइएको थियो? जनतामा गाभिएको संस्कार तथा संस्कृति कतिको प्रभावकारी हुनेरहेछ भनेर त्यसले कसरी देखाउँछ? लोकप्रिय संस्कारले परमेश्वरको अत्यन्त पवित्र वस्तुहरूलाई पनि कसरी असर पार्दो रहेछ भनेर त्यस दर्शनमा कसरी देखाउँछ? हाम्रै लागि यहाँ के चेतावनी प्रस्तुत गरिएको छ? हेर्नुहोस्ः "१ छैटौं वर्षको छैटौं महिनाको पाँचौं दिनमा जब म आफ्नो घरमा बसिरहेको थिएँ, र यहूदाका धर्म-गुरुहरू मेरो सामुन्ने बसिरहेका थिए, तब

त्यहाँ परमप्रभु परमेश्वरको बाहुली ममाथि पर्‍यो। २ तब मैले
हेरें, र मानिसको रूप भएको आकार मैले देखें। तिनको
कम्मरमुनि तिनी आगोजस्तै थिए, र कम्मरदेखि माथिचाहिँ तिनको
अनुहार टल्काएको धातुको झलकजस्तै देखिन्थ्यो। ३ तिनले
हातजस्तै आकार पसारेर मेरो कपालको लट्टा समातेर मलाई
जुरुक्क उठाए। त्यसपछि आत्माले मलाई पृथ्वी र स्वर्गको
बीचमा उचालेर परमेश्वरका दर्शनहरू देखाउँदै यरूशलेममा
मन्दिरको भित्री चोकमा प्रवेश गर्ने उत्तरपट्टिको मूल ढोकानेर
लग्नुभयो। त्यहाँ डाह तुल्याउने मूर्तिको आसन थियो। ४ अनि
मैले मैदानमा देखेको दर्शनजस्तै त्यहाँ मेरो सामुन्ने इस्राएलका
परमेश्वरको महिमा थियो। ५ तब उहाँले मलाई भन्नुभयो, "हे
मानिसको छोरो! अब तिम्रो आँखा उठाएर उत्तर दिशातिर हेर्।"
तब मैले हेरें, र वेदीको उत्तरपट्टिको प्रवेशद्वारमा त्यो डाहको मूर्ति
मैले देखें। ६ अनि उहाँले मलाई भन्नुभयो, "हे मानिसको छोरो,
तिनीहरू के गर्दैछन्, के तिमी देख्छौ? इस्राएलको घरानाले मलाई
मेरो पवित्रस्थानबाट पर हटाउनलाई घिनलाग्दा काम यहाँ
गरिरहेका छन्। तर तिमीले त्योभन्दा अझ बढ़ी घिनलाग्दा
कामहरू देख्नेछस्।" ७ तब उहाँले मलाई चोकको प्रवेशद्वारमा
ल्याउनुभयो, र मैले हेरें। त्यहाँ भित्तामा मैले एउटा प्वाल देखें।
८ उहाँले मलाई भन्नुभयो, "हे मानिसको छोरो, यो भित्तामा
खन्।" अनि जब मैले त्यो भित्ता खनें, तब त्यहाँ एउटा ढोका
मैले देखें। ९ अनि उहाँले मलाई भन्नुभयो, "भित्र गएर तिनीहरूले
यहाँ गरिरहेका अति खराब र घिनलाग्दा कामहरू हेर्!" १०
यसैले म भित्र पसें र मैले हेरें। चारैतिर भित्तामा सबै किसिमका
घस्रने जन्तुहरू, घिनलाग्दा पशुहरू र इस्राएलको घरानाका जम्मै
मूर्तिहरूका चित्रहरू त्यहाँ बनाइएका मैले देखें। ११ तिनीहरूका
सामुन्ने इस्राएलको घरानाका सत्तरी जना धर्म-गुरुहरू र
शापानको छोरो याजन्याह तिनीहरूका साथमा उभिरहेका थिए।

हरेकको हातमा आ-आफ्नो धुपौरो थियो, र धूपको सुगन्धित धूवाँ मास्तिर उठिरहेको थियो। १२ तब उहाँले मलाई भन्नुभयो, "हे मानिसको छोरो, इस्राएलको घरानाका धर्म-गुरुहरू हरेकले अँध्यारोमा आ-आफ्नो मूर्तिको पूजाकोठामा के गरिरहेका तिमीले देख्यौ? तिनीहरू भन्छन्, 'परमप्रभुले हामीलाई देख्नुहुन्न। परमप्रभुले यस देशलाई त्याग्नुभएको छ' ।" १३ फेरि उहाँले मलाई भन्नुभयो, "तिनीहरूले गरेका यीभन्दा पनि अति घिनलाग्दा कामहरू तिमीले देख्नेछौ।" १४ तब उहाँले मलाई परमप्रभुका भवनको उत्तरपट्टिका प्रवेशद्वारको मुखमा ल्याउनुभयो र त्यहाँ तम्मूज देवताको लागि रोइरहेका स्त्रीहरूलाई मैले देखें। १५ उहाँले मलाई भन्नुभयो, "हे मानिसको छोरो, के तिमीले यो देख्यौ? तिमीले योभन्दा पनि झन् घिनलाग्दा कुराहरू देख्नेछौ।" १६ तब उहाँले मलाई परमप्रभुका भवनको भित्री चोकमा ल्याउनुभयो, अनि त्यहाँ वेदी र दलानको बीचमा मन्दिरको प्रवेशद्वारमा प्रायः पच्चीस जना मानिसहरू थिए। तिनीहरूका पीठ परमप्रभुको मन्दिरतिर र अनुहारचाहिँ पूर्वपट्टि फर्काएर पूर्वतिरै सूर्यलाई दण्डवत् गरिरहेका थिए। १७ उहाँले मलाई भन्नुभयो, "हे मानिसको छोरो, के तिमीले यो देख्यौ? के तिनीहरूले यहाँ गरिरहेका यी घिनलाग्दा काम यहूदाका घरानाको लागि सानो कुरा हो र? के तिनीहरूले देशलाई पनि उपद्रवले भरेर मलाई निरन्तर रीस उठाउँछन्? हेर, तिनीहरूले आफ्ना नाकमा हाँगा राखेका छन्! १८ यसकारण म मेरो रीसमा तिनीहरूसित व्यवहार गर्नेछु। म तिनीहरूलाई टिठ्याएर छोड्नेछैनँ। तिनीहरू उच्च सोरले मेरो कानैमा कराए तापनि म तिनीहरूको कुरा सुन्नेछैनँ।"

**मोशा र विभिन्न अगमवक्ताहरूले मानिसको हातले बनाएका देवाताका मूर्तिहरूलाई पूजा नगर्न आफ्ना वचन र लेखहरूद्वारा जतिसुकै स्पष्ट रूपमा चेतावनी दिएतापनि उपरोक्त पदहरूले मनाही**

गरेका पूजाहरू धर्मगुरूहरूले नै गरिरहेका थिए भनेर माथिका पदहरूले देखाउँछन् त्यो पनि पवित्र मन्दिरको पवित्र स्थानहरूमा। “तामुजको निम्ति रून्" भनेको मेसोपोटामियाको देवताको निम्ति बिलाप गर्ने रिति थियो। २ इतिहासमा ३६:१४ भनिएको कुरालाई अचम्म मान्नुपर्दैनः “१४ यसबाहेक अरू जातिहरूका सबै घिनलाग्दा कामहरू गरेर र परमप्रभुले यरूशलेममा पवित्र गर्नुभएको उहाँको मन्दिरलाई अपवित्र पारेर पूजाहारी र मानिसहरूका सबै नायकहरू झन्-झन् विश्वासघाती भए।"

इजकिएल ८:१२लाई राम्रोसँग नियाल्नुहोस्। अनुवाद गर्दा दर्शनमा देखेका कोठाहरू अलिकति नबुझ्ने खालको छ। दर्शनमा देखेका कोठाहरू ती हुनसक्छ जहाँ मानिसहरूले आफ्ना देवताका मूर्तीहरू सजाएर राखेका हुन्छन् वा पूजा कोठाहरू वा हृदयका कोठाहरू। जे भएतापनि त्यस देशका शासक र धार्मिक अगुवाहरू, एल्डरहरु यस्तरी पतन भएकी तिनीहरूले भन्न ठालेका थिए तिनीहरूले जे गर्छन् परमेश्वरले देख्नुहुन्न र उहाँले तिनीहरूलाई त्याग्नुभयो। अर्को अर्थमा भन्ने हो भने तिनीहरूले यो भनिरहेका थिए, “हामीले स्थापना गरेका मूर्तीहरूप्रति परमेश्वरको चासो छैन। उहाँको निम्ति ती कुराहरू केही पनि होइन। त्यसकारण हामी जसरी आराधना गर्छौं त्यसलाई आँखा चिम्लेर परमेश्वर हेर्नुहुन्छ।" परमेश्वरको मन्दिरको पवित्र कोठाहरूमा अत्यन्त आपत्तिजनक तरिकाले देवी देवताहरूका मूर्ती स्थापना गरेर पूजाआजा गरिरहेका थिए जुन् परमेश्वरले विभिन्न समयमा त्यस्तो संस्कारमा नचल्न स्पष्टरूपमा निर्देशन दिनुभएको थियो। अझ झन नराम्रो कुरो त तिनीहरूको सोचमा तिनीहरूले जे गरिरहेका छन् उचितै छ, ठीकै छ भनेर ढुक्क भएका थिए। पावलले व्यक्त गरेका दुखेसोहरू यहाँ ठ्याक्क मिलेको देखिन्छ। उनले भनेका थिए मानिसहरूले सृष्टिकर्तालाई पन्छाएर उहाँको सृष्टिलाई पूजा गर्छन् (हेर्नुहोस् रोमी १:२१-३२ “२१ किनकि परमेश्वरलाई चिनेर पनि

तिनीहरूले परमेश्वरलाई दिनुपर्ने महिमा दिएनन्, न त धन्यवाद नै चढ़ाए, तर तिनीहरू आफ्ना विचारमा बेकम्मा भए, र तिनीहरूको मूर्ख मन अझ अँध्यारो भयो। २२ बुद्धिमान् छु भन्ने दाबी गरे तापनि तिनीहरू मूर्खै भए, २३ र तिनीहरूले विनाशी मानिस, चराचुरुङ्गी, चारखुट्टे जनावर र घस्रने जीवहरूका मूर्तिका रूपसँग अविनाशी परमेश्वरको महिमा साटफेर गरे। २४ यसकारण परमेश्वरले तिनीहरूलाई तिनीहरूका हृदयका कामवासनाको अशुद्धतामा छोडिदिनुभयो, कि तिनीहरूले आपसमा आफ्ना शरीरको अनादर गरून्। २५ किनकि तिनीहरूले परमेश्वरको सत्यतालाई झूटसँग साटेर सदासर्वदाका परमधन्य सृष्टिकर्तालाई त्यागेर बरु सृष्टि गरिएका थोकहरूको पूजा र सेवा गरे। २६ यसैकारण परमेश्वरले तिनीहरूलाई लाजमर्दो कामुकताको निम्ति छोडिदिनुभयो। तिनीहरूका स्त्रीहरूले आफ्ना स्वाभाविक व्यवहारलाई अस्वाभाविक व्यवहारमा परिवर्तन गरे, २७ र त्यसरी नै स्त्रीतर्फको स्वाभाविक व्यवहार त्यागेर एक-दोस्रातर्फ कामुकताको जलनमा पुरुषहरूले पुरुषहरूसितै निर्लज्ज काम गरे, र आफ्नै शरीरमा आफ्ना कसूरको उचित दण्ड भोगे। २८ यसरी तिनीहरूले परमेश्वरलाई मान्यता दिन नचाहेका हुनाले परमेश्वरले तिनीहरूलाई भ्रष्ट मनका अवस्थामा अनुचित आचरणको निम्ति त्यागिदिनुभयो। २९ तिनीहरू सबै किसिमका बदमाशी, दुष्टता, लोभ, इबीले भरिएका छन्। तिनीहरू डाह, हत्या, झैंझगड़ा, छल, बदख्वाइँले भरिएका हुन्छन्, र तिनीहरू कुरौटे, ३० र बदनाम गर्ने, परमेश्वरलाई घृणा गर्ने, ढीट, अहङ्कारी, अभिमानी, दुष्ट कुरा रचिहिँड्ने, आमा-बुबाको आज्ञापालन नगर्ने, ३१ मूर्ख, विश्वासघाती, निर्दयी र क्रूर हुन्छन्। ३२ यस्ता काम गर्नेहरू मृत्युको योग्य हुन्छन् भन्ने परमेश्वरको धार्मिक-विधान जान्दाजान्दै पनि तिनीहरू यी काम गर्ने मात्र होइनन्, तर यस्ता गर्नेहरूसँग पूर्ण सहमत पनि हुन्छन्।"

## २. राजा सिदकियाको असंतुष्ट राज्यकाल

**ई.पू. ५८६मा बेबिलोनका सैनिकहरूले इस्राएललाई ध्वस्त पार्नुभन्दा अघि सिदकिया यहूदाको राजगद्दीमा बस्ने अन्तिम राजा थिए। सिदकियाको अर्थ "यह्वेको धार्मिकता" हो। सुरू सुरूमा उनले यर्मियाका वचनहरूलाई पालन गर्न राजी थिए र बेबिलोन राजाको सामु आत्मसमर्पण गर्न तयार थिए तर यो मनस्थिति धेरै समयसम्म रहेको थिएन।**

राजा सिदकियालाई यर्मियाको चेतावनी के थियो? हेर्नुहोस् यर्मिया ३७:१-१० " १ योशियाहका छोरा सिदकियाहलाई बेबिलोनका राजा नबूकदनेसरले यहूदाका राजा नियुक्त गरेका थिए, र यहोयाकीमका छोरा यहोयाकीनको सट्टामा तिनले राज्य गर्न लागे। २ तर न त तिनले न तिनका टहलुवाहरूले न देशका मानिसहरूले यर्मिया अगमवक्ताद्वारा परमप्रभुले भन्नुभएका वचनमा ध्यान दिए। ३ तापनि सिदकियाह राजाले शेलेम्याहका छोरा यहूकल र मासेयाहका छोरा सपन्याह पूजाहारीसित यर्मिया अगमवक्ताकहाँ यसो भनेर पठाए, "हाम्रा निम्ति परमप्रभु हाम्रा परमेश्वरलाई प्रार्थना गरिदेऊ।" ४ त्यस बेलासम्म यर्मिया मानिसहरूका बीचमा हिँड्डुल गर्दैथिए, किनभने तिनी झ्यालखानमा हालिएका थिएनन्। ५ फारोको सेना मिश्रदेशबाट आएको थियो, र जब यरूशलेमलाई घेरा लाउने बेबिलोनीहरूले यो कुरा सुने तब उनीहरू यरूशलेमबाट पछि हटे। ६ तब यर्मिया अगमवक्ताकहाँ परमप्रभुको यो वचन आयोः ७ "परमप्रभु इस्राएलका परमेश्वर यसो भन्नुहुन्छः यहूदाको राजा, जसले तिमीलाई मकहाँ सोध्नलाई पठायो, त्यसलाई यसो भन्, 'तिमीलाई सहायता गर्नलाई आएको फारोको सेना फेरि आफ्नै देश मिश्रमा फर्केर जानेछ। ८ तब बेबिलोनीहरू फर्किआएर यस सहरलाई आक्रमण गर्नेछन्। उनीहरूले यसलाई लिनेछन् र जलाइदिनेछन्' । ९ "परमप्रभु यसो भन्नुहुन्छः 'बेबिलोनीहरूले निश्चय नै हामीलाई

छोड़िदिनेछन्,' भनी तिमीहरू धोका नखाओ। उनीहरूले यसो गर्नेछैनन्। १० तिमीहरूका विरुद्धमा लड्ने बेबिलोनीहरूका सबै सेनालाई तिमीहरूले जित्यौ भने, र उनीहरूका घाइतेहरू मात्र पालमा बाँकी रहे भने पनि उनीहरू आएर यस सहरलाई जलाइदिनेथिए।"

**राजा सिदकिया जतिसुकै आदर्श हुनखोजेतापनि जनता तथा सल्लाहकारको दवाबमा यर्मियाको चेतावनीलाई लत्याएर मिश्र देश अर्थात् इजिप्टसँग सैनिक सम्झौता गर्न गरेको देखिन्छ। मिश्र देशसँग मिल्दा बेबिलोनको आक्रमणसँग भिँड्न सकिन्छ भन्ने उनको सोच थियो (इजिएल १७:१५-१८ हेर्नुहोस्)। उनलाई सचेत गराएकै अनुसार मिश्रदेशबाट उनलाई उद्धार आएको थिएन।**

परमेश्वरको वचन यर्मियाले फेरि मानिसहरूलाई सुनाउँदा उनले के गति भोग्नुपर्‍यो? हेर्नुहोस् यर्मिया ३८:१-६ " १ मत्तानका छोरा शपत्याह, पशहूरका छोरा गदल्याह, शेलेम्याहका छोरा यहूकल र मल्कियाहका छोरा पशहूरले यर्मियाले सबै मानिसहरूलाई यसो भन्दै गरेका सुने, २ "परमप्रभु यसो भन्नुहुन्छः 'जो यस सहरमा बस्छ त्यो तरवार, अनिकाल र रूढ़ीले मर्नेछ, तर जो निस्केर बेबिलोनीहरूकहाँ जान्छ त्यो बाँच्नेछ। त्यसले आफ्नो ज्यान जोगाएर उम्कनेछ, र त्यो बाँच्नेछ। ३ अनि परमप्रभु यसो भन्नुहुन्छः 'यो शहर निश्चय नै बेबिलोनका राजाका सेनाको हातमा सुम्पिइनेछ, र त्यसले यो कब्जा गर्नेछ' ।" ४ तब अधिकारीहरूले राजालाई भने, "यस मानिसलाई मार्नैपर्छ, किनभने यसले यस्ता कुरा गरेर यस सहरमा बाँकी रहेका सिपाहीहरू र मानिसहरूलाई समेत निरुत्साहित पार्दैछ। यस मानिसले यी मानिसहरूको भलो होइन तर तिनीहरूको हानि चाहन्छ।" ५ सिदकियाह राजाले जवाफ दिए, "त्यो तिमीहरूकै हातमा छ। राजाले त तिमीहरूका विरुद्धमा केही गर्न सक्दैनन्।" ६ यसैले

तिनीहरूले यर्मियालाई लगे, र राजकुमार मल्कियाहको पानीको इनार, जो गारदको चोकमा थियो, त्यसमा डोरीले सुर्काएर हालिदिए। यस इनारमा पानी थिएन तर हिलो मात्र थियो। अनि यर्मिया त्यस हिलोमा भासिए।"

येशूले भन्नुभएको "अगमवक्ता वा परमेश्वरको सन्देश दिनेलाई आफ्नो देशमा सम्मान गर्दिँदैन, आफ्नो कूल र न त आफ्नै घरमा उसको कुरा सुन्न चाहन्छ" (मर्कूस ६:४ रूपान्तरित) जस्तै यर्मियाले आफ्ना जनताबाट अपमानित हुनुपरेको थियो। बिचरा यर्मिया, आफ्नै मानिसहरूको क्रोध उनले खप्नुपर्‍यो। राष्ट्रलाई चेतावनी दिएकै अनुसार उनलाई पनि चेतावनी दिएको थिएन भन्नु त छैन। तर यदि उनी परमेश्वरको वचनमा कतिवद्ध भएर बसे उनले दुःख पाउने छ भन्ने चेतावनी पाएको थियो र त्यसै अनुसार उनले खप्नुपर्‍यो।

मानिसहरूको र राष्ट्रको नैतिक बललाई गिराएको भनेर उनले दोष पाउँदा यर्मियालाई कस्तो नैराश्यता भयो होला! बिदेशी शत्रु शैनिकले हमला गर्दा प्रतिकार गर्न चाहनेहरूलाई वर्षौंसम्म यर्मियाले त्यसो नगर्न सल्लाह दिएका थिए। शत्रुसँग लड्नु भनेको हार खानु हो र परमेश्वर पनि जनताको साथमा छैन भनेर यर्मियाले घोषणा गरिरहँदा उनीप्रति रोष प्रक्रट गरेर उनलाई थुन्न चाहने मानिसहरूको चाहनालाई बुझ्न त्यस्तो कठिन छैन। मानिसहरूको हृदय पापले गर्दा यस्तो पत्थरको जस्तो भएको थियो कि परमेश्वरको आवाजलाई तिनीहरूले पहिचाननै गर्न सकेन। बरू तिनीहरूले यर्मिया त शत्रुको निम्ति पो ओकालत गरिरहेको भनेर उनमाथि खनेका थिए।

परमेश्वरको निम्ति बोल्दा इनारको हिलोमा डुब्न पुग्नु त गाऱ्हो नै छ तर त्यो भन्दा आफ्ना मानिसहरूको भलो चिताउँदा कुभलो चिताइरहेको भनेर दोष पाउनुपर्दा झन कस्तो भयो होला? तपाईंले सहयोग गर्न गइरहेको मानिसले त्यसलाई नकारात्मक

रूपमा लिएर तपाईंलाई दोषी ठहऱ्याए तपाईंलाई कस्तो हुन्छ? सोच्नुहोस्।

## ३. यरुशलेमको पतन

**यरुशलेमको कब्जा ई.पू. ५८८को जनवरी महिनादेखि सुरूभएर ई.पू. ५८६को गृष्म ऋतुसम्म भएको थियो। यर्मियाको भविष्यवाणी पूरा हुनुभन्दा पहिले दुई वर्षसम्म बेबिलोनको सैनिकहरूलाई शहरभित्र नहुलाउन यहूदाबासीहरू सफल भएका थिए। अनि त्यसपछि बेबिलोनका सैनिकहरूले यरूशलेम शहरको पर्खाल फोडे र भित्र गएर अन्धाधुन्ध आक्रमण गरेर त्यस शहरलाई ध्वस्त गरे। दुई वर्षसम्म घेराऊमा परेको शहरमा भोकमारी यस्तो भएको थियो कि जब शत्रु सैनिकहरू भित्र पसे त्यस शहरलाई सुरक्षा गर्ने फौजहरूले तिनीहरूसँग मुकाबिला नै गर्न सकेन। राजा सिदकिया आफ्नो परिवारसाथ भागे। तर सफल भएन। उसलाई पक्रेर राजा नेबुकदनेजारकहाँ लगियो। राजा सेदकियाकै सामुन्ने उनले उनका छोराहरूलाई मार्न लगाए। उपरोक्त दुःखको कथा यर्मिया ३९ः१-१०मा पाइन्छ।**

बेबिलोनको सेनापती नबूजरदानले यर्मियासँग गरेको कुराकानीको महत्त्व के छ? हेर्नुहोस् यर्मिया ४०:१-६ " १ राजकीय अङ्गरक्षकका सेनापति नबूजरदानले यर्मियालाई साङ्लाले बाँधेर बेबिलोनमा लगिन लागेका यरूशलेम र यहूदाका अरू कैदीहरूका साथमा फेला पारेका थिए। उनले तिनलाई रामामा छोड़िदिएपछि परमप्रभुको वचन यर्मियाकहाँ आयो। २ जब अङ्गरक्षका सेनापतिले यर्मियालाई भेटे उनले तिनलाई भने, "परमप्रभु तिम्रा परमेश्वरले यस ठाउँमा यो सर्वनाश ल्याउनलाई भन्नुभएको थियो। ३ अब उहाँले सो सर्वनाश ल्याउनुभयो, र आफूले भन्नुभएझैं उहाँले गर्नुभयो। यी सबै भए, किनकि तिमीहरूले परमप्रभुको विरुद्धमा पाप गऱ्यौ, र उहाँको आज्ञापालन गरेनौ। ४ तर आज तिम्रा हातको साङ्लाबाट म तिमीलाई मुक्त

गरिदिँदैछु। यदि मसित बेबिलोनमा आउन तिमीलाई असल लाग्यो भने आऊ। म तिम्रो हेरचाह गर्नेछु। तर यदि तिमीलाई मसित बेबिलोनमा आउन ठीक लागेन भने नआऊ। हेर, यो सारा देश तिम्रो सामुन्ने छ। तिमीलाई जहाँ जान मन लाग्छ, त्यहीँ जाऊ।" ५ तापनि यर्मिया जान लाग्दा नबूजरदानले फर्केर भने, "शापानका नाति, अहीकामका छोरा गदल्याहकहाँ जाऊ, जसलाई बेबिलोनका राजाले यहूदाका नगरहरूमाथि राज्यपाल नियुक्त गर्नुभएको छ। त्यहाँ तिनीसँगै अरू मानिसहरूसित तिमी बस, अथवा तिमीलाई जता जान मन लाग्छ त्यतै जाऊ। तब सेनापतिले तिनलाई खाने भत्ता र उपहार दिए, र तिनलाई छोड़िदिए। ६ यसैले यर्मिया मिस्पामा अहीकामका छोरा गदल्याहकहाँ गए, र तिनीसित देशमा छोड़िएका मानिसहरूसँगै बस्न लागे।"

इस्राएलको अवस्था **सनातन सृष्टिकर्ता परमेश्वरको उपासना नगर्ने तर मूर्तीपूजा गर्ने बिदेशी सेनापतीले यर्मियाका आफ्नै मानिसहरूभन्दा बेसी जानेको रोचकपूर्ण नै छ। बेबिलोनका मानिसहरूलाई यर्मिया र उनको कामको बारेमा केही न केही थाहा थियो। अरू र साथै राजा सदकियालाई भन्दा उनमाथि फरक व्यवहार गरिएको थियो (यर्मिया ३९:११,१२)। यरुशलेमको पतनको श्रेय परमेश्वरलाई नै त्यस मूर्तीपूजक अगुवाले दिएको थियो। त्यस देशको जनताको पापको कारण तिनीहरूको सजायँ परमेश्वरले तिनीहरूलाई दिनुभएको हो भनेर स्वीकार गरेर आफ्ना देवीदेवताहरूलाई भन्दा यहूदाको परमेश्वरको सर्वोच्चतालाई किन देखाएको थियो सो अचम्म नै छ। बाइबलले त्यसको बारेमा वाख्या गर्दैन। जेसुकै भएतापनि अनावश्यक प्रकोपको समयमा पनि परमेश्वरले मूर्तीपुजकहरूलाई आफ्नो अस्तित्व प्रकट गर्नु भनेको सनसनीपूर्ण गवाही भएको मान्नुपर्छ।**

**आक्रमणकारीहरूसँग युद्धवन्दी भएर बेबिलोनमा जानु वा यरुशलेममा नै रहनु-के निर्णय गर्ने सो यर्मियाको हातमा थियो। तर परिस्थितिमा उनी थियो दुवै स्थान उनको निम्ति आकर्षित थिएन। दुबै ठाउँमा यर्मियाले दिने आत्मिक सेवाको आवश्यकता ठूलो थियो। तर यर्मिया आफ्नै देशमा छोडिएका गरिब र कमजोरी मानिसहरूसँग रहन निधो गरे। तिनीहरूलाई यर्मियाको प्रेरणा र सहायताको ठूलो खाँचो थियो (यर्मिया ४०:६,७)।**

तपाईं जुनसुकै प्रतिकूल अवस्थामा जाकिएतापनि अरूको सेवा गर्न तपाईं कसरी सिक्नुहुन्छ? तपाईं आफ्नै लागि अरूको सक्दो सेवा गर्नु किन जरुरत छ?

## ४. तिम्रो सारा हृदयले

"तिमीले मलाई खोज्नेछौ र तिम्रो सारा हृदयले मलाई खोज्यौ भने तिमीले मलाई भेट्टाउनेछौ।" (यर्मिया २९:१३ रूपान्तरित)। उपरोक्त प्रतिज्ञामा तपाईंको आफ्नो अनुभव के छ? "तिम्रो सारा हृदय"को अर्थ के हो?

**सुरूदेखि अन्त्यसम्म परमेश्वरलाई सबै कुरा थाहा छ। यहूदाका मानिसहरू यरुशलेममा बेबिलोनीहरूसँग भिडन्त भइरहेको बेलामा झुठा भविष्यवक्ताका वचन सत्य होस् भनेर तिनीहरूले सोचिरहेका थिए। त्यस बेलामा पनि परमेश्वरले यर्मियालाई भविष्यको बारेमा बोल्न प्रयोग गर्नुभएको थियो। बेबिलोनमा युद्धबन्दी बनिएर बसेकाहरू र बनिनेहरूलाई परमेश्वरले यर्मियाबाट सन्देश सुनाउनुभएको थियो। ती वचनहरूमा परमेश्वरको सदाशयता र प्रेम अचम्म तरिकाले पोखिएको पाउँछौं।**

हेर्नुहोस् यर्मिया २९:१-१४ "१ बचेका धर्म-गुरुहरू, अनि पूजाहारी, अगमवक्ता र सबै मानिसहरू, जसलाई नबूकदनेसरले यरूशलेमबाट बेबिलोनमा निर्वासित गरेर लगेका थिए, तिनीहरूलाई यर्मिया अगमवक्ताले पठाएको पत्रका कुरा यी नै हुन्। २ (राजा यहोयाकीन, राजमाता, महलका अधिकृतहरू, यहूदा र यरूशलेमका

अगुवाहरू, कारीगर र निपुण कलाकारहरू यरूशलेमबाट निर्वासित
भएपछि यो पत्र लेखिएको हो।) ३ तिनले यो पत्र शापानका
छोरा एलासा र हिल्कियाहका छोरा गमर्याहलाई जिम्मा दिए,
जसलाई यहूदाका राजा सिदकियाहले राजा नबूकदनेसरकहाँ
बेबिलोनमा पठाएका थिए। पत्र यस्तो थियोः ४ यरूशलेमबाट
बेबिलोनमा आफूले निर्वासन गरी लगेका सबैलाई सर्वशक्तिमान्
परमप्रभु, इस्राएलका परमेश्वर यसो भन्नुहुन्छः ५ "त्यहाँ तिमीहरू
घर बनाएर बस, बारीहरू लगाओ र तिनका उब्जनीहरू खाओ।
६ विवाहबारी गरेर छोराछोरीहरू जन्माओ, छोराहरूका निम्ति
बुहारीहरू ल्याओ, र छोरीहरूको विवाह गरिदेओ, र तिनीहरूले
छोराछोरीहरू जन्माऊन्। त्यहाँ आफ्नो संख्या बढ़ाओ, घटेर
नजाओ। ७ मैले तिमीहरूलाई निर्वासित गरेको शहरको भलो
चिताओ, र त्यसको निम्ति परमप्रभुसित प्रार्थना गर। किनभने
त्यसको उन्नति भएकोमा नै तिमीहरूको उन्नति हुनेछ।" ८ हो,
सर्वशक्तिमान् परमप्रभु, इस्राएलका परमेश्वर यसो भन्नुहुन्छः
"तिमीहरूका बीचमा हुने तिमीहरूका अगमवक्ताहरू र जोखना
हेर्नेहरूले तिमीहरूलाई धोका नदिऊन्। तिमीहरूको इच्छाअनुसार
तिनीहरूले देखेका सपनाका कुराहरूमा ध्यान नदेओ। ९
तिनीहरूले मेरो नाउँमा तिमीहरूलाई झूटा अगमवाणी कहन्छन्।
मैले तिनीहरूलाई पठाएको होइनँ," परमप्रभु भन्नुहुन्छ' । १०
परमप्रभु यसो भन्नुहुन्छ, "बेबिलोनको निम्ति सत्तरी वर्ष पूरा
भएपछि म तिमीहरूकहाँ आउनेछु, र तिमीहरूलाई यस ठाउँमा
फर्काएर ल्याउनेछु भनी मेरो कृपालु प्रतिज्ञा म पूरा गर्नेछु। ११
किनभने जुन योजनाहरू मैले तिमीहरूका निम्ति बनाएको छु, ती
म जान्दछु," परमप्रभु भन्नुहुन्छ। "ती तिमीहरूका उन्नतिको
निम्ति हुन्, नोक्सानीको निम्ति होइनन्, तिमीहरूलाई आशा र
भविष्य दिनलाई। १२ तब तिमीहरू मकहाँ आउनेछौ, र मलाई
प्रार्थना गर्नेछौ, र म तिमीहरूको प्रार्थना ध्यानसित सुन्नेछु। १३

जब तिमीहरूले आफ्ना सारा हृदयले मलाई खोज्नेछौ, तब तिमीहरूले मलाई खोजेर पाउनेछौ। १४ तिमीहरूले मलाई भेट्टाउनेछौ," परमप्रभु भन्नुहुन्छ," र कैदबाट म तिमीहरूलाई फर्काइल्याउनेछु। मैले तिमीहरूलाई निर्वासन गरेर पठाएका सबै जाति-जातिहरू र ठाउँ-ठाउँहरूदेखि म तिमीहरूलाई जम्मा गर्नेछु," परमप्रभु भन्नुहुन्छ, "र जुन ठाउँदेखि मैले तिमीहरूलाई निर्वासन गरेर पठाएको थिएँ, त्यही ठाउँमा म तिमीहरूलाई फेरि फर्काइल्याउनेछु।"

**यहाँ परमेश्वरको अनुग्रहको सही सन्देश हामी पाउँछौं । परमेश्वरको सत्य सन्देश कठित धर्मगुरू तथा नेताहरूले दिने सापति आश्वासन जस्तो थिएन। यहूदाका बासिन्दाहरूको निर्वासित जीवन छिट्टै वा दुई वर्षभित्र अन्त हुनेछ भनेर तिनीहरूले सुनाएका थिए। त्यो परमेश्वरको योजना थिएन, र तिनीहरूले सोचेको अनुसार हुने थिएन। बरू मोशाको स्पष्ट शिक्षा अनुसार तिनीहरूको पापले ल्याएको निर्वासित जीवन भोग्नुपरेको थियो। उनकै वचन अनुसार यदि मानिसहरूले पश्चाताप गरे भने तिनीहरूको देश फेरि तिनीहरूकै हातमा सुम्पिनेछ।**

यर्मियाले दिएको वचन व्यवस्था ३०:१-५लाई कसरी प्रतिबिम्ब गर्दछ? हेर्नुहोस्: "१ परमप्रभु परमेश्वरले जाति-जातिहरूका बीचमा तिमीहरूलाई धपाइपठाउनुभएपछि जब यी आशिष् र श्राप तिमीहरूमाथि पर्नेछन् र तिनको स्मरण गरेर २ तिमीहरू र तिमीहरूका सन्तान परमप्रभु आफ्ना परमेश्वरकहाँ फर्कनेछौ, र आज मैले आज्ञा गरेका उहाँका वचन आफ्नो पूरा हृदय र आफ्नो पूरा प्राणले मान्नेछौ, ३ तब परमप्रभु आफ्ना परमेश्वरले तिमीहरूका सुदिन फर्काउनुहुनेछ र तिमीहरूलाई टिठ्याउनुहुनेछ, र जुन जातिहरूका बीचमा तिमीहरूलाई तितरबितर पार्नुभएको थियो, तीबाट तिमीहरूलाई बटुलेर ल्याउनुहुनेछ। ४ तिमीहरू देशनिकाला भएर आकाशमुनिको

सबैभन्दा टाढ़ो देशमा भए पनि त्यहाँबाट परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूलाई बटुल्नुहुनेछ, र त्यहाँबाट तिमीहरूलाई फर्काएर ल्याउनुहुनेछ। ५ तिमीहरूका पिता-पुर्खाले अधिकार गरेको देशमा परमप्रभु आफ्ना परमेश्वरले तिमीहरूलाई ल्याउनुहुनेछ, र तिमीहरूले त्यसको अधिकार गर्नेछौ, र उहाँले तिमीहरूलाई तिमीहरूका पिता-पुर्खाभन्दा उन्नतिशील र असंख्य बनाउनुहुनेछ।" यहि सन्दर्भमा व्यवस्था ४:२९ पनि हेर्नुहोस् "२९ तर यदि त्यहाँ पनि परमप्रभु तिमीहरूका परमेश्वरलाई तिमीहरूले खोज्यौ भने र तिमीहरूका सारा हृदय र प्राणले खोज्यौ भने तिमीहरूले उहाँलाई भेट्टाउनेछौ।"

हामीलाई एलेन जी ह्वाइटको सेवामार्फत भविष्यवाणीको बरदान दिइएको छ। मानिसहरूले यर्मियाप्रति नकारात्मक रूपमा बुझेकै जस्तै हामीले पनि उहाँको बरदानलाई आलोचनात्मक रूपमा नहेर्न कसरी सतर्क हुने?

## ५. सत्तरी वर्षहरू

**युद्धवन्दी भएर जानुपरेका यहूदाका मानिसहरूमा यर्मियाको सन्देश दुई गुणाले असर पर्नुपर्ने थियोः झुठा भविष्यवक्ता वा धर्मगुरूहरूले दिएका सापति आश्वासनमा तिनीहरूले विश्वास गर्नुनपर्ने एक पक्ष थियो भने तिनीहरू निराश हुनुनपर्ने अर्को पक्ष थियो। आफ्ना देशका जनताहरूलाई बेबिलोनको निम्ति प्रार्थना गर्न यर्मियाले अनुरोध गरेका थिए। आफ्नो देशबाट पलाएन हुनुपरेका मानिसहरूको निम्ति यो अनुरोध अनौठो हुनसक्थ्यो। यर्मियाले अनुरोध गरिरहेका अनुरोध इस्राएलको अगाडिको इतिहासमा कहिलै सुनेको थियो। परमेश्वरका चुनिएका जातिलाई आहत दिने बिनाशकारी बेबिलोन देश जस्तो शत्रुको निम्ति प्रार्थना गर्न एकदम कहिलै पनि सुनिएको थिएन। मानिसहरूमा भएका यरुशलेम र मन्दिरको बारेमा जानेका सबै जानकारीहरूलाई अगमवक्ताले धरासयी बनाइदिएका थिएः शत्रुदेशमा पलायन हुनुपरेका**

परमेश्वरका जनहरूले त्यस मूर्तीपूजक देशको हितको निम्ति प्रार्थना गर्ने र अनन्तको परमेश्वरले तिनीहरूको प्रार्थना सुन्नुहुनेछ रे? यो कस्तो बिडम्बना!

तर यर्मिया २९:७मा उल्लेखित यदि तिनीहरूले आफू पलायन हुनुपरेका देशको हितको निम्ति प्रार्थना गरे तिनीहरूको पनि हित हुनेछ भन्ने कबूललाई ओझेलोमा पार्नुहुन्न। तिनीहरू बिदेशी र अपरिचित मानिसहरू भएकोले यदि तिनीहरू पलायन हुनुपरेको देशमा कुनै बिपत्ति आए त्यो बिपत्ति तिनीहरूले पनि खप्नुपर्ने थियो। यदि देशमा बिपत्ति आए दुःखलाग्दो असहिष्णुताको मार फैलिएको इतिहास साक्षी छ। यदि देशमा बिपत्ति आए त्यसको कारण के रहेछ भनेर दोष दिन बलिको बोको खोज्ने प्रवृत्ति कुनै नौलो होइन। प्रायजसो बिदेशी र अल्पमतका मानिसहरूले राष्ट्रको बिपत्तिको दोष सहनुपरेको दुर्भाग्य यथार्थता हो।

यर्मिया २९:१० र अरू पदहरूमा पलाएन भएकाहरूलाई कस्तो आशाको किरण ओढाएका छन्? हेर्नुहोसः "१० परमप्रभु यसो भन्नुहुन्छ, "बेबिलोनको निम्ति सत्तरी वर्ष पूरा भएपछि म तिमीहरूकहाँ आउनेछु, र तिमीहरूलाई यस ठाउँमा फर्काएर ल्याउनेछु भनी मेरो कृपालु प्रतिज्ञा म पूरा गर्नेछु।" (यर्मिया २९:१०), "११ यो सारा देश निर्जन र उजाड़ हुनेछ, र यी जातिहरूले सत्तरी वर्षसम्म बेबिलोनका राजाको सेवा गर्नेछन्। १२ "तर सत्तरी वर्ष पूरा भएपछि म बेबिलोनको राजा र त्यसका जाति, अर्थात् बेबिलोनीहरूको देशलाई उनीहरूका दोषको कारण सदाको निम्ति उजाड़ पार्ने गरी दण्ड दिनेछु," परमप्रभु भन्नुहुन्छ।" (यर्मिया२५:११-१२), "२० तरवारबाट उम्केकाहरूलाई उनले कैद गरेर बेबिलोनमा लगे, र फारसको राजसत्ता नहोउञ्जेल तिनीहरू उनका र उनका छोराहरूका दास-दासी भए। २१ यर्मिया अगमवक्ताद्वारा परमप्रभुको वचन पूरा

हुनलाई सत्तरी वर्ष पूरा नहोउञ्जेल इस्राएलको देशले विश्रामको पूरा समय नकाटुञ्जेल नाश भएको सबै समयभरि नै देशले शबाथको विश्राम पालन गर्दैरह्यो।" (२ इतिहास ३६:२०-२१) र "२ उनका राज्यकालको प्रथम वर्षमा म, दानिएलले, यर्मिया अगमवक्तालाई दिइएको परमप्रभुको वचनअनुसार, धर्मशास्त्रबाट बुझें कि यरूशलेमको उजाड़ अवस्था सत्तरी वर्षसम्म रहनेछ।" (दानिएल ९:२)।

परमेश्वरले भन्नुभएको जे कुरा हुनुपर्ने थियो सो भएको थियो। त्यसकारण परमेश्वरको सत्तरी वर्षमा मानिसहरूलाई आफ्नै देशमा फर्काइने भविष्यवाणी पनि पूरा हुनसक्छ भनेर तिनीहरूले बिश्वास गर्नुपर्थ्यो। ७० वर्षभन्दा घटी र बढी वर्ष किनभएन सो कुरा बुझाउन बाइबल मौन छ। हुनसक्छ त्यो वर्ष इस्राएलले सब्बथको बिश्राम वर्षको अनुभव गर्न होला (लैब्य २५:४, २६:३४,४३)। उपरोक्त भविष्यवाणी किन महत्त्व थियो भने यदि तिनीहरूले सम्पूर्ण विश्वाससाथ परमेश्वरको वचनमा समर्पित भयो भने ती युद्धवन्दीहरूमा महान् आशाको किरण छाइन्थ्यो र परमेश्वरको पूर्ण सार्वभौमिकसत्तामा तिनीहरू ढुक्क हुनसक्थ्यो। हेर्दा नराम्रो देखिएतापनि, तिनीहरूमाथि भयानक बिपत्ति थुप्रिएतापनि त्यो सबै हारै हार होइन र परमेश्वरले तिनीहरूलाई छोड्नुभएको छैन भन्ने प्रेरणामूलक आश्वासनले तिनीहरूको जीवन चल्दथ्यो। तिनीहरू अझै पनि परमेश्वरको करारमा बाँधिएका मानिसहरू थिए तिनीहरू वा इस्राएल राष्ट्र उहाँको नजरबाट हटिएको थिएन। परमेश्वरको शर्तमा चल्नेहरूको निम्ति मुक्ति सबैलाई उपलव्ध गराइएको थियो।

तपाईंको निम्ति कुन् भविष्यवाणीले भविष्यको निम्ति ठूलो आशा दिइएको छ? जुन परिस्थितिको सामना गर्नुपरेतापनि कुन् भविष्यवाणी वा परमेश्वरको वचनले उहाँमाथि भरोसा राख्न शक्ति दिन्छ?

## उपसंहार:

थप जानकारीः "सुसमाचारको सरलताबाट माथि उठेर मानिसलाई बहलाउने अनेकन् दर्शनहरूलाई भित्राएर सुसमाचारलाई अलङ्कारित बनाउने निरन्तर खतरामूलक तत्व हामीहरूको माझमा छ। यो सुरूको समाचार हो भनेर सिकाएर संसारलाई झुम्म पार्ने प्रवल चाहनाले मानिसहरू फसिरहेका छन्। येशूप्रति सरल बिश्वासको अनुभवलाई ओझेलोमा पारेर मानिसहरूलाई क्षणिक भएतापनि आत्मिक उत्तेजनाले प्रभाव पार्ने कतिपय धार्मिक गुरूहरूको नियत भइरहेका छन्। हो, मानिसहरूमा भइरहेको बर्तमान जीवनशैली वा आत्मिक अनुभवलाई परिवर्तन गर्नु ठूलो आवश्यकता छ। तर बर्तमान समयसापेक्षिक सत्यको गरिमामय आवश्यकतालाई कतिपय मानिसहरूले अझै सम्म महसुस गर्न सकेको छैन। तर भावनामा भन्दा हृदयको परिवर्तन आजको माग हो। त्यो परिवर्तन व्यक्तिगत रूपमा परमेश्वरको आशिषलाई खोजेरमात्र पाइन्छ, उहाँको शक्तिको याचना गरेर, उहाँको अनुग्रह हामीमाथि होस् भनेर निरन्तर प्रार्थना गरेरमात्र हामीहरूको चरित्रमा काँचुली फेर्न सकिन्छ। यो परिवर्तन आजको माग हो। यो स्तरमा पुग्न हामीहरूमा भएको सारा शक्तिलाई प्रयोग गर्नुपर्छ र इमान्दारीतासाथ भित्री हृदयदेखि नै सच्चा परिवर्तनको चाहना हुनुपर्छ। हामीहरूले हामीहरूका मनलाई खोतल्दै भित्रैदेखि सोध्नुपर्छ, "मुक्ति पाउन र मुक्तिको अनुभव गर्न मैले के गर्नुपर्छ?" हामीले कुन् कदम चाल्दा स्वर्गको बाटोमा लम्किन सक्छौं सो आत्मिक ज्ञान हामीमा हुनुपर्छ।"-एलेन जी ह्वाइट, *सेलेक्टेड मेसेजेज्,* बुक वन, पृ. १८७,१८८बाट रूपान्तरित।

## चिन्तनमनन:

अ. "परमेश्वरलाई खोज" भनेर यर्मियाले मानिसहरूलाई आह्वान गरेका थिए। त्यो हाम्रो लागि पनि हो। तर उहाँलाई कसरी खोज्ने? यदि कसैले तपाईंलाई भन्यो,

"म परमेश्वरलाई व्यक्तिगत रूपमा चिन्न चाहन्छु। मैले उहाँलाई कसरी पाउने?" तपाईंको जवाफ कस्तो हुने होला?

आ. ऐतिहासिक परप्रेक्ष्यमा हेर्दा परमेश्वरका अगमवक्ता तथा जनहरूलाई मानिसहरूले नबुझेर दुर्व्यवहार गरेका थिए। यहि सन्दर्भमा एलेन जी ह्वाइटको सेवाकार्यलाई हामीले कसरी हेर्ने भनेर सिक्न सक्छौं? उहाँलाई येशूले भन्नुभएको परिवेशमा सोच्नुहोस्, "२३ "धिक्कार तिमीहरूलाई, शास्त्री र फरिसी हो, ढोंगीहरू! किनकि तिमीहरू पुदीना र सूँप र जीराको दशांश दिन्छौ, तर व्यवस्थाका गहकिला विषयहरू, अर्थात् न्याय, दया र विश्वासको अवहेलना गरेका छौ। तिमीहरूले दशांश दिने काम गर्नुपर्नेथियो, अनि ती गहकिला विषयहरूको अवहेलना नगर्नुपर्नेथियो। २४ अन्धा अगुवा हो, तिमीहरू भुसुना चाल्दछौ, तर ऊँटलाई चाहिँ निलिहाल्दछौ। २५ "धिक्कार तिमीहरूलाई, शास्त्री र फरिसी हो, ढोंगीहरू! किनभने तिमीहरू कचौरा र थालको बाहिरपट्टि माझ्दछौ, तर भित्रपट्टि भने ती लोभ र असंयमले भरिएका हुन्छन्। २६ अन्धा फरिसी हो, पहिले कचौरा र थालको भित्रपट्टि सफा पार, र तिनको बाहिरपट्टि पनि सफा होस्। २७ "धिक्कार तिमीहरूलाई, शास्त्री र फरिसी हो, ढोंगीहरू! किनकि तिमीहरू चून लाइराखेका चिहानहरूजस्ता छौ, जो बाहिरपट्टि सुन्दर देखा पर्छन्, तर भित्रपट्टि भने मरेका मान्छेहरूका हाड़हरू र सबै अशुद्धताले भरिएका हुन्छन्। २८ यसरी नै तिमीहरू पनि बाहिर भने मानिसहरूका सामुन्ने धर्मी देखा पर्दछौ, तर भित्र भने कपट र दुष्टताले भरिएका छौ। २९ "धिक्कार तिमीहरूलाई, शास्त्री र फरिसी हो, ढोंगीहरू! किनकि तिमीहरू अगमवक्ताका

चिहानहरू बनाउँछौ, र धर्मीहरूका स्मारकलाई सिङ्गाछौं, ३० र भन्दछौ, 'हामी आफ्ना पुर्खाहरूका समयमा भए ता हामी अगमवक्ताहरूको रगत बहाउनमा उनीहरूसँग सहभागी हुनेथिएनौं।' ३१ यसरी तिमीहरू अगमवक्ताहरूलाई हत्या गर्नेका सन्तान हौ भन्ने प्रमाण तिमीहरू आफै दिन्छौ। ३२ तिमीहरूका पुर्खाहरूले गरेका पापको काम पूरा गर।" मत्ती २३:२३-३२।

इ. यस अध्यायको पाँचौ बुँदाको अन्तिम प्रश्नलाई फेरि गहिरिएर सोच्नुहोस्। बाइबलमा उल्लेखित धेरै भविष्यवाणीहरू बिगत समयमा पूरा भएका थिए। वर्तमान दृष्टिकोणले हेर्दा ती कसरी पूरा भए भनेर हामी बुझ्न सक्छौं। ती पूरा भएका भविष्यवाणीहरूलाई मध्य नजरमा राख्दा अरू भविष्यवाणीहरू पनि पूरा हुनेछ भन्ने कुरामा हामी कसरी ढुक्क हुने?